नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रुकुम पूर्व




# चाड पर्व सुरक्षा योजना

आ.व.२०७९/०८०

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

१. सुरक्षा योजनाको नामः- चाडपर्व विशेष सुरक्षा योजना, २०७९

२. **पृष्ठभूमीः-**

नेपाल बहुल जाति, भाषा, धर्म, संस्कृतिभएको मुलुक हो। सांस्कृतिक विविधता अनुसार चाड पर्व पनि फरक-फरक मनाउने गरिन्छ । रुकुम पूर्व जिल्लामा दशैं तिहार, माघी, भूमि पुजा आदि चाड पर्व विशेष रुपमा मनाइन्छ । हिन्दुहरुको महान चाड दशै पर्वको समयमा सार्वजनिक सेवा प्रवाह व्यवस्थित गर्न आर्थिक क्रियाकलापहरु सुचारु गर्न, कृषि, उद्योग, सेवा, व्यवसाय सञ्चालन गर्न, विकास निर्माणका कार्य सञ्चालन गर्न, आपूर्ति प्रणालिलाई व्यवस्थित गर्न, सवारी आवागमनलाई सुचारु गर्न र शान्ति सु-व्यवस्थालाई सुदृढ बनाउन र नागरिकहरु सतर्क हुन आवश्यक छ । चाड पर्वको समयमा देश तथा विदेशका विभिन्न भागबाट हजारौं सङ्ख्यामा नागरिकहरु जिल्ला प्रवेश गर्दछन । ठूलो सङ्ख्यामा मानिसहरु जिल्ला भित्रिएका, चाडपर्वहरु नजिकिएको अवस्थामा चोरी, लुटपाट, झै-झगडा, डकैती, यौनजन्य अपराध लगायतका विभिन्न किसिमका अपराधिक घटनाहरु र सरकार विरोधी अवाञ्छित तथा उच्छृङ्खल गतिविधिहरुमा वृद्धि भई शान्ति सुरक्षा व्यवस्थापनमा आईपर्न सक्ने खतरा तथा चुनौतीहरु समेतलाई मध्यनजर गरी दशैं, तिहार तथा छठपर्वको समयमा कुनै पनि अपराधिक, अवाञ्छित तथा अप्रिय घटनाहरु हुन/गर्न नदिई शान्ति सुरक्षाको प्रभावकारी व्यवस्थापन गरी आमनागरिकलाई भयरहित वातावरणमा सुरक्षित साथ चाडपर्व मनाउने र सवारी आवागमनलाई सुरक्षित एवं व्यवस्थित रुपमा सञ्चालन गराउने अवस्था सुनिश्चित गर्न यो सुरक्षा योजना तयार गरिएको हो ।

३. **सुरक्षा योजना उद्धेश्यः-**

क) चाडपर्वको समयमा हुन सक्ने हो-हल्ला, झै-झगडा, ठगी, चोरी, डकैती, लुटपाट, यौनजन्य अपराध तथा अन्य कुनै पनि अपराधिक गतिविधिहरु हुन गर्न नदिने,

ख) संभावित आर्थिक अपराधहरु नियन्त्रण र न्यूनिकरण गर्ने,

ग) धार्मिक तथा सांस्कृतिक द्वन्द्व हुन नदिई सामाजिक सद्भाव कायम राख्न सहयोग पुऱ्याउने,

घ) सवारी आवागमन लाई सूचारु गर्न,

ङ) सवारी दुर्घटना न्यूनिकरण गर्ने,

च) सहज र सरल ट्राफिक व्यवस्थापन गर्ने,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

छ) आपूर्ति प्रणालीलाई व्यवस्थित गराउन,

ज) उपभोक्ता हित विपरीतका कार्यहरु तथा कालो बजारी नियन्त्रण गर्न,

झ) नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउने,

ञ) शान्त र सुरक्षित रुपमा चाडपर्व मनाउने वातावरण सुनिश्चित गर्ने,

४. <u>आईपर्न सक्ने खतराहरु:-</u>

क) मध्यपहाडी लोकमार्ग तथा अन्य सहायक मार्गहरुमा हुन सक्ने दुर्घटना तथा अन्य अपराधिक गतिविधिहरु,

ख) ग्रामिण क्षेत्रमा हुन सक्ने अपराधिक गतिविधिहरु,

ग) बजार क्षेत्रमा हुन सक्ने अपराधिक गतिविधिहरु,

५. <u>समाधानका उपायहरु:-</u>

मध्यपहाडी लोकमार्ग तथा सहायक मार्गमा हुन सक्ने दुर्घटना तथा अन्य अपराधिक गतिविधिहरु रोकथामका उपायहरु:-

यस जिल्लामा रहेको मध्यपहाडी लोकमार्ग तथा सहायक मार्गहरुमा हुन सक्ने सवारी दुर्घटना, सवारी साधनमा लुटपाट, गुण्डागर्दी र झै-झगडा न्यूनीकरण र नियन्त्रण तथा सहज र व्यवस्थित ट्राफिक व्यवस्थापन गर्न देहाय बमोजिमको व्यवस्था गरिनेछ ।

१) निम्न स्थानहरुमा नियमित तथा छड्के चेक जाँचको व्यवस्था मिलाई सवारी साधन चेक जाँचमा थप कडाई गर्ने,

- सिस्ने गा.पा. ६ खोपिचार स्थित मध्यपहाडी लोकमार्ग,
- सिस्ने गा.पा. ६ पाखागाउँ स्थित मध्यपहाडी लोकमार्गमा,
- सिस्ने गा.पा. ६ छिप्रीदह बजार जाने कैचिमोड,
- सिस्ने गापा. ५ चोक बजार जाने सहायक मार्ग,
- सिस्ने गा.पा. ६ धाउने स्थित सहायक मार्ग,
- सिस्ने गा.पा. ८ धपे स्थित सहायक मार्ग,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

- भुमे गा.पा.-२ खावाङवगर स्थित मध्य पहाडी लोकमार्ग,
- भुमे गा.पा. १ लकुम स्थित मध्य पहाडी लोकमार्ग,
- भुमे गा.पा. ६ महत स्थित शहिद मार्ग,
- पुथा उत्तरगंगा गा.पा.१२ क्युवाङ स्थित शहिद मार्ग,
- पुथा उत्तरगंगा १० तकसेरा स्थित सहायक मार्ग यात्रुहरुलाई यात्रा गर्न सहज बनाउनका लागि सिस्ने गा.पा. ६ स्थित छिप्रीदह बजारमा नागरिक सहायता कक्ष राख्ने,

२) सुरक्षित र व्यवस्थित रुपमा यातायात सुचारु गर्न यातायात व्यवसायी समितिहरु सँग आवश्यक समन्वय गर्ने,

३) अन्तर जिल्ला सिमा नाकामा पर्ने प्रहरी कार्यालयहरु इ.प्र.का. चुनवाङ, इ.प्र.का. काक्री, अ.प्र. पोष्ट महत, अ.प्र. पोष्ट खोपिचार, धपे र धाउने लाई सतर्क बनाई कडा चेकजाँचको व्यवस्था मिलाउने,

४) राजमार्गमा सवारी तथा पैदल गस्ती परिचालन गर्ने,

५) एम्वुलेन्स, स्काभेटर, एम्वुलेन्स लगायतका साधनहरु तत्काल परिचालन गर्न सक्ने गरी तयारी हालतमा राख्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

६) चाडपर्वको समयमा सवारी चेकजाँचलाई कडाइका साथ लागु गर्ने,

७) भाडादरमा कालो बजारी, यात्रु ठगी लगायतका कार्यहरुलाई निरुत्साहित गर्न सम्बन्धित पक्षहरुसँग आवश्यक समन्वय गर्ने,

८) सञ्चालनमा रहेका सार्वजनिक यातायातले सिट क्षमता अनुसार यात्रु राख्ने,

९) दुर्घटना न्यूनिकरणका लागि सवारीको सिट क्षमता भन्दा बढी यात्रु राख्ने, क्षमता भन्दा बढी सामानहरु राख्ने सवारी साधनलाई कारवाही गर्ने,

१०) मादक पदार्थकी सेवन गरी सवारी चलाउनेलाई कानून बमोजिम कडा कारवाही गर्ने,

११) लामो रुटमा चल्ने सवारी साधनमा दुईवटा चालकको व्यवस्था मिलाउन आवश्यक पहल गर्ने,

१२) उपभोक्ताहित विपरीतका गतिविधि कृतिम अभाव, मूल्यबृद्धि तथा कालो बजारी नियन्त्रण गर्न नियमित बजार अनुगमन गर्ने ।

प्रमुख जिल्ला अधिकारी

**ग्रामीण क्षेत्रमा हुन सक्ने अपराधिक गतिविधिहरुको रोकथाम तथा नियन्त्रणका उपायहरु:-**

गाउँघरमा हुने चोरी, जुवातास, जाँडरक्सी र झैझगडा नियन्त्रण गर्न निम्न अनुसारको व्यवस्था गरिनेछ ।

१) यस कार्यालय तथा मातहतका सम्पूर्ण प्रहरी युनिटहरुबाट आ-आफ्नो जिम्मेवारी एरियाहरुमा नियमित रुपमा ग्रामिण गस्ती, L.R.P तथा S.R.P. परिचालन गर्ने,

२) आवश्यक्ता अनुसार रात्रीकालीन गस्तीलाई बढाउने,

३) जुवातास, जाँड रक्सी सेवन र अव्यवस्थित विक्री वितरणलाई नियन्त्रण गर्ने,

४) चाडपर्वमा हुन सक्ने विभिन्न अपराधिक क्रियाकलापहरुको रोकथाम तथा न्यूनीकरणका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

५) स्थानीय होटेल पसलहरु खोल्ने र बन्द गर्ने निश्चित समय तोकी सोही बमोजिम गर्ने,

६) ग्रामीण स्तरमा गठन गरिएका समुदाय-प्रहरी साझेदारी समितिहरुलाई क्रियाशिल बनाई सूचना संकलनको प्रभावकारी माध्यम बनाउने,

७) दशै तिहारमा थप सुरक्षित रहन जनहितका लागि सन्देशमूलक पर्चा, अडियो, सूचना बनाई एफ.एम. पत्रपत्रिका र सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्ने,

**बजार क्षेत्रमा हुन सक्ने अपराधिक गतिविधिहरुको रोकथाम तथा नियन्त्रणका उपायहरु:-**

चाडपर्वको समयमा बजार क्षेत्रहरुमा हुन सक्ने अपराधिक गतिविधीहरुको रोकथाम तथा नियन्त्रणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने:-

१) सुरक्षा योजना अनुसार खटिएका सम्पूर्ण प्र.क. हरुलाई ड्युटिमा खटि जानु (पूर्व) कार्यालय प्रमुख वा सिनियर प्रहरी अधिकृत बाट ब्रिफिङ गरी तोकिएको स्थान र समयमा डिउटी खटाउने,

२) अपराध रोकथाम गर्न मध्यपहाडी लोकमार्ग तथा सदरमुकामका बजार क्षेत्रहरुमा जडान गरिएका सि.सि. क्यामेराहरुको २४ सै घण्टा प्रभावकारी मोनिटरिङको व्यवस्था मिलाउने,

प्रमुख जिल्ला अधिकारी

३) दैनिक अत्यावश्यक बस्तुहरुको कृत्रिम अभाव, मुल्य वृद्धि, कालो बजारी जस्ता गतिविधिहरु नियन्त्रण गर्न सम्बन्धित सरोकारवाला निकायहरुको समन्वयमा जिल्लास्तरीय अनुगमन टोलि बनाई बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने,

४) सादा पोशाकमा खटिएका प्र.क. हरुलाई सक्रिय बनाई खबर संकलन कार्यलाई थप प्रभावकारी बनाउने,

५) सुनचाँदी पसल, बैङ्क तथा वित्तिय संस्थाहरु रहेको स्थानहरु तथा अपराध हुन सक्ने संभावित स्थानहरुमा प्रहरी सक्रियता बढाउने,

६) चाडपर्वको बेला फरार रहेका अभियुक्तहरु आफ्नो गाउँघरमा आउन सक्ने हुँदा अभियुक्त खोजी कार्यलाई तिब्रता दिने,

७) अवैध घरेलु मदिराको उत्पादन तथा विक्री वितरण कार्यलाई नियन्त्रण गर्ने,

८) होटल, लज, रेष्टुरेन्ट खुल्ने समय निर्धारण गरी कार्यान्वयनमा ल्याउने,

९) बजार क्षेत्रमा सामुदायिक गस्ति परिचालन गर्ने,

१०) सरकारी, गैर-सरकारी तथा अन्य कार्यालयहरुको सुरक्षार्थ कार्यालयमा बस्ने गार्ड तथा कर्मचारीहरुको अभिलेख राखी निरन्तर समन्वय गर्ने,

११) कानून विपरित क्रियाकलापमा संलग्न हुनेहरुलाई पक्राउ गरी कानून बमोजिम कारवाही गर्ने

## कोभिड-१९ को संक्रमण तथा विभिन्न अपराधिक गतिविधि रोकथाम तथा नियन्त्रणका उपायहरुः-

कोभिड-१९ को संक्रमणको दर दिन प्रतिदिन बृद्धि भईरहेको भएता पनि नागरिकहरुलाई सतर्कता अपनाउन आग्रह गर्दै समाजमा विभिन्न किसिमका अपराधिक गतिविधिहरु बढ्ने र चाडपर्वको समयमा संक्रमणको दर अझै बढने सम्भावना रहेकोले उक्त अवस्थामा हुन सक्ने अपराधहरु र कोभिड-१९ को संक्रमणको जोखिमलाई रोकथाम तथा नियन्त्रण गर्न देहाय बमोजिमका उपायहरु अबलम्बन गरिने छः-

१) समाज एकै पटक सहजको बाटो तर्फ उन्मुख हुँदा समाजमा विभिन्न गतिविधीहरु चलायमान हुन्छन् । चलायमानको चाल सँग सँगै समाजमा विभिन्न अपराधिक गतिविधि पनि शुषुप्त अवस्थाबाट गतिशील हुने हुँदा आगामी दिनहरु सुरक्षाको हिसावले चुनौतिपूर्ण रहेको र चुनौतिको सामना गर्न व्यवसायिक सीप, कर्तव्यपरायण, कानूनी मार्ग अवलम्बन गरी डिउटी निर्वाह गर्नुपर्ने वास्तविकता सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई जानकारी गराउँदै शारीरिक र मानसिक रुपमा तयार हुन प्रहरी कर्मचारीहरुलाई उत्प्रेरित गर्ने,

२) स्थानीय वडा एरियाहरुमा प्रहरीको उपस्थिती बढाउँदै लैजाने,

प्रमुख जिल्ला अधिकारी

३) चाडपर्वको समयमा स्थानीय स्तरमा विगत देखि सञ्चालन हुँदै आएका विभिन्न किसिमका परम्परागत धार्मिक तथा सांस्कृतिक मेला, पर्व तथा कार्यक्रमहरु यस वर्ष अवस्था अनुसार संचालन नगर्न/नगराउन सम्बन्धित पक्षहरुलाई अनुरोध गर्ने,

४) कोरोना भाईरसको रोकथाम तथा नियन्त्रणका लागि गर्दै आएका विभिन्न जनचेतनामूलक कार्यक्रमहरुलाई थप प्रभावकारिताका साथ निरन्तरता दिने,

५) नेपाल सरकार, तालुक कार्यालयहरु, जिल्ला सुरक्षा समितिबाट समय समयमा भए गरेका परिपत्र, निर्देशन तथा निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्ने,

६) ठूलो सङ्ख्यामा मानिसहरुको जमघट, भोजभतेर जस्ता क्रियाकलापहरुलाई निरुत्साहित गर्ने,

७) कोभिड-१९ को संक्रमण फैलिन नदिन मानिसहरुको बढि भिडभाड हुने स्थानहरु (बजार, पसल, बसपार्क, सवारी साधन आदि) मा अनुगमन गरी स्वास्थ्य सुरक्षाका आधारभूत मापदण्डहरु पालना गराउने,

८) घटनाहरु घट्ना साथ प्रहरीलाई तत्काल खबर गर्न सकिने माध्यमहरुको बारेमा सर्वसाधारणहरुलाई जानकारी गराउने,

९) अपराधिक क्रियाकलापहरुको बारेमा तथ्यपरक एवं विश्वसनिय सूचना संकलनका लागि सादा पोशाकमा परिचालित प्रहरी कर्मचारीहरुलाई उच्च सतर्क बनाउने,

१०) स्थानीय प्रशासन, स्थानीय निकायहरु, जनस्वास्थ्य कार्यालय, लगायतका सरोकारवाला निकायहरुसँगको समन्वयमा आवश्यक अन्य कार्यक्रमहरु सञ्चालन गर्ने ।

६. <u>पोशाकः-</u>

डिउटीमा खटिने सम्पूर्ण प्रहरी कर्मचारीहरु स्वास्थ्य सुरक्षाका आवश्यक सामाग्रीहरु सहित सादा चुस्तामा खटिनुपर्नेछ र स्टेण्डबाई टोली आवश्यक सामाग्रीहरु सहित भि.नि. पोशाकमा रहनुपर्नेछ ।

प्रमुख जिल्ला अधिकारी

७. <u>जनशक्ति परिचालनः-</u>

२०७९ सालको दशैं तिहार र छठ पर्वमा विशेष सुरक्षा व्यवस्था मिलाउन यस कार्यालय तथा मातहत कार्यालयबाट आवश्यकता अनुसार जनशक्ति परिचालन गरिने छ ।जिल्लामा रहेको मौजुदा जनशक्ति विवरणः-

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)

## जिल्लास्थित सुरक्षा कार्यालयहरुको विवरण

| सि.नं. | कार्यालयको नाम | मातहत इकाई | कार्यालय प्रमुखको दर्जा/पद | कार्यालय प्रमुखको नाम | सम्पर्क नं | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली सेना | जिल्लामा रुकुमकोट रुकुम पूर्व | सेनानी | बावुलाल जि.सी. | ०८८४१३१०३ | १० | |
| २ | नेपाल प्रहरी | जि.प्र.का.रुकुम (पुर्व) | प्र.ना.उ. | प्रकाश डाँगी | ०८८४१३०५२<br>९८५७८६५५५५ | १४३ | |
| | | ई.प्र.का.रन्मामैकोट | प्र ना नी | महेन्द्र बहादुर खत्री | ९८५७८९०४८५ | २९ | |
| | | ई.प्र.का.काँक्री | प्र ना नी | विनोद डि.सी. | ९८५७८९०४८३ | २९ | |
| | | ई.प्र.का.चुनबाङ | ,, | भेषराज के.सी. | ९८५७८९०४८५ | २९ | |
| | | ई.प्र.का.तकसेरा | प्र.ना.नि. | खडक बहादुर बुढामगर | ९८५७८९०४८४ | २३ | |
| | | ई.प्र.का.प्वाङ | ,, | भिम बहादुर खड्का | ९८५७८९०४८२ | २३ | |
| | | ई.प्र.का.रुकुमकोट | प्र ना उ | | ९८५७८६५५५५ | २९ | |
| २.१ | नेपालप्रहरी अन्तर्गतका प्रहरी चौकीहरु | प्र.चौ.हुकाम | प्र.स.नि. | केशव बहादुर सार्की | ९८५७८९०४८७ | १३ | |
| | | प्र.चौ.जाङ | ,, | भुपेन्द्र खड्का | ९८५७८९०४८८ | १० | |
| | | प्र.चौ.लुकुम | ,, | चित्र बहादुर बुढाक्षेत्री | ९७४७१३५८०९ | १५ | |
| | | प्र.चौ. थपे | ,, | बिर बहादुर बुढा | ९८६४६६४९९२ | १५ | |
| | | प्रहरी बिट महत | ,, | हरि भक्त भण्डारी | ९८६४६६४९९८ | १२ | |
| | | प्रहरी बिट घाउँने | ,, | ओमरास घर्ति | ९८६४६६४९९१ | १२ | |
| | | प्रहरी बिट कोल | ,, | गणेश वि क | ९८६४६६४९९४ | १२ | |
| | | प्र.जि.अ.नि.गार्ड | प्र.ह. | साईदु चौधरी | ९८४७८८८०५७ | ६ | |
| | | जिल्ला अदालत | ,, | सन्तोष शाह | ९८४८१३८५०७ | ७ | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सशस्त्र प्रहरी बल आश्रीत गुल्म रुकुम पूर्व | जिल्ला सदरमुकाममा | प्र ना उ | सुदन आचार्य | ०८८४१३०९७<br>९८४५८३३९२८<br>९८५२१२५८९७१ | १६० | |
| ४ | राष्ट्रिय अनुसन्धान | जिल्ला सदरमुकाममा | प्र प्र अ | संजीव कुमार चौधरी | ०८८४१३०८८<br>९८५७८२४४८८ | १२ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

प्रमुख जिल्ला अधिकारी